# <u>कर्जा सुरक्षण (तेस्रो संशोधन) नियमावली, २०७९</u>

<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>

२०७९।१०।२

कर्जा सुरक्षण नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "कर्जा सुरक्षण (तेस्रो संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>कर्जा सुरक्षण नियमावली, २०७५ को नियम ११ मा संशोधनः</u>** कर्जा सुरक्षण नियमावली, २०७५ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ११ को,–

(१) उपनियम (२) मा रहेका "पचास प्रतिशतका दरले हुन आउने रकम अग्रिम रुपमा सम्बन्धित ऋणीबाट लिनेछ र बाँकी पचास प्रतिशतका दरले" भन्ने शब्दहरुको सट्टा "बीस प्रतिशतका दरले हुन आउने रकम अग्रिम रुपमा सम्बन्धित ऋणीबाट लिनेछ र बाँकी असी प्रतिशतका दरले" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपनियम (४) मा रहेका "आफैंले वा सदस्य संस्था मार्फत" भन्ने शब्दहरु पछि "पशुधनको स्वास्थ्य परीक्षण गरेको पन्ध्र दिनभित्र अनिवार्य रुपमा कोषमा" भन्ने शब्दहरू थपिएका छन्।

३. **<u>मूल नियमावलीको नियम २३ मा संशोधनः</u>** मूल नियमावलीको नियम २३ मा रहेका "तीस दिन अगावै" भन्ने शब्दहरुको सट्टा "सात दिन अगावै" भन्ने शब्दहरू राखिएका छन्।

४. **<u>मूल नियमावलीको नियम ३६ मा संशोधनः</u>** मूल नियमावलीको नियम ३६ को,–

(१) खण्ड (क) मा रहेका "बिना धितो" भन्ने शब्दहरु पछि "व्यक्तिगत वा" भन्ने शब्दहरु थपिएका छन्।

(२) खण्ड (ख) झिकिएको छ।

(३) खण्ड (ग१) पछि देहायका खण्ड (ग२) (ग३) र (ग४) थपिएका छन्:-

"(ग२) भूकम्प पीडितको निजी आवास निर्माण कर्जामा प्रतिव्यक्ति तीन लाख रुपैयाँसम्म,

(ग३) सक्रिय खेल जीवनबाट निवृत्त खेलाडीलाई व्यवसाय सञ्चालन गर्न प्रदान गरिने कर्जामा प्रतिव्यक्ति दश लाख रुपैयाँसम्म,

(ग४) सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्तिको लागि प्रदान गरिने स्वरोजगार कर्जामा प्रतिव्यक्ति वा परिवार दश लाख रुपैयाँसम्म,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "परिवार" भन्नाले सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्तिको एकाघर सगोलमा बसोबास गरेको बुवा, आमा, छोरा, छोरी, नाति वा नातिनी सम्झनु पर्छ।"

५. **मूल नियमावलीको नियम ३९ मा संशोधनः** मूल नियमावलीको नियम ३९ को,-

(१) उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

"(२क) सदस्य संस्थाले चालीस वर्ष उमेर ननाघेका स्नातक तह वा सोभन्दा माथिको शैक्षिक योग्यता हासिल गरेको बेरोजगार विद्यार्थीलाई निजको शैक्षिक प्रमाणपत्र धितोमा राखी बढीमा पच्चीस लाख रुपैयाँसम्म प्रवाह गरेको शैक्षिक बेरोजगार कर्जाको कोषले सुरक्षण गर्नेछ।"

(२) उपनियम (३) मा रहेका "उपनियम (१) र (२)" भन्ने शब्दहरुको सट्टा "उपनियम (१), (२) र (२क)" भन्ने शब्दहरू राखिएका छन्।

६. **मूल नियमावलीको नियम ३९क. मा संशोधनः** मूल नियमावलीको नियम ३९क. को उपनियम (१) मा रहेका "दश लाख रुपैयाँसम्मको" भन्ने शब्दहरूको सट्टा "तीन करोड रुपैयाँसम्मको" भन्ने शब्दहरू र "दुई लाख रुपैयाँभन्दा बढी दश लाख रुपैयाँसम्मको" भन्ने शब्दहरूको सट्टा "पचास लाख रुपैयाँभन्दा बढी तीन करोड रुपैयाँसम्मको" भन्ने शब्दहरू राखिएका छन्।

७. **मूल नियमावलीको नियम ४३ मा संशोधनः** मूल नियमावलीको नियम ४३ को उपनियम (२) मा रहेका "दुई करोड रुपैयाँसम्मको कर्जाको" भन्ने शब्दहरूको सट्टा "तीन करोड रुपैयाँसम्मको कर्जाको" भन्ने शब्दहरू राखिएका छन्।

८. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको अनुसूची-१५ को महल (२) पछि "(२क)" थपी सो महलमा "ऋणीको नागरिकता नं." भन्ने शब्दहरु राखिएका छन्।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय